# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७५।१२।०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

श्री निम्न माध्यमिक विद्यालय मोतियाही, रौतहटका तत्कालीन प्रधानाध्यापक रमेश तिवारीले आफू कृषक समूह प्रा.वि.जुडीवेलामा कार्यरत रहँदा किर्ते सहीछाप गरी आफ्नी श्रीमती ललिता तिवारीलाई राहत शिक्षकमा नियुक्ति गरेकोले आवश्यक कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज रमेश तिवारी आफू उक्त विद्यालयमा कार्यरत रहँदा किर्ते दस्तखत गरी शिक्षक पदपूर्तिको सूचना प्रकाशन गर्ने देखि नियुक्तिसम्मका विभिन्न निर्णय गरेको एवं गलत कागजात तयार पारी जिल्ला शिक्षा कार्यालय, रौतहटलाई पत्राचार गरी आफ्नी श्रीमती ललिता तिवारीलाई गैरकानूनी रूपमा प्रा.वि.स्तरको राहत अनुदान कोटाको शिक्षक पदमा नियुक्ति गरी निज ललिता तिवारी शुरू नियुक्ति मिति २०६३।०३।१२ देखी २०६६।५।१२ गतेसम्म कृषक समूह प्रा.वि. जुडीवेलामा हाजिर नभए तापनि निजको नाममा रु.२,५६,९९० निकासा भएको देखिंदा निज प्रधानाध्यापक रमेश तिवारीले गलत लिखत कागजात तयार गरी आफ्नो श्रीमती ललिता तिवारीलाई गैरकानूनी रूपमा प्रा.वि.स्तरको राहत अनुदान कोटाको शिक्षक पदमा नियुक्ति गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिमको कसुर गरेको देखिएको हुँदा निजलाई ऐ.ऐनको दफा ९ तथा ऐ.ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को देहाय (घ) बमोजिम सजाय हुन र निजले हिनामिना हानि नोक्सानी गरेको बिगो रु.२,५६,९९०।-(दुई लाख छपन्न हजार नौ सय नब्बे रूपैयाँ) निजबाट ऐ.ऐनको दफा १७ बमोजिम असुल उपर हुन साथै निज ललिता तिवारीले मिति २०६३।०३।१२ देखि २०६६।५।१२ गतेसम्म विद्यालयमा हाजिर नभए तापनि उक्त अवधिमा रु.२,५६,९९०।-(दुई लाख छपन्न हजार नौ सय नब्बे रूपैयाँ) रकम निकासा गरी गराई सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर देखिएको हुँदा निज ललिता तिवारीलाई ऐ.ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र निजले हिनामिना हानि नोक्सानी गरेको बिगो रु.२,५६,९९०।-(दुई लाख छपन्न हजार नौ सय नब्बे रूपैयाँ) निजबाट ऐ.ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
सह-सचिव एवं प्रवक्ता